श्री

उच्च अदालत जनकपुर

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री ध्रुव कुमार पिया

**फैसला**

निर्णयनं.-३९१

फौ.नं.-०८१-CS-००१५

रजिष्ट्रेशन नः-३८-०७९-०२६८१

**मुद्दा : आत्महत्या दुरुत्साहन सम्बन्धी कसूर**

हविव अंसारीको जाहेरीले नेपाल सरकार......................................................१ } पुनरावेदक वादी

**विरुद्ध**

जिल्ला सर्लाही, हरिपुर्वा नगरपालिका वडा नं.३ धनकौल टोलमा वस्ने ईसुक अंसारीको छोरा राजुल अंसारी...................................................................१ } प्रत्यर्थी प्रतिवादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री सर्लाही जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री फणिन्द्र प्रसाद पराजुली |
| शुरु फैसला मिति | २०८०।०९।२२ |
| शुरू मुद्दा नम्बर | ०७९-C१-०२२७ |
| पुनरावेदन दर्ता मिति | २०८१।०४।०३ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-**

तथ्य खण्ड

1. म जाहेरवालाको छोरी सवाना खातुन र बिपक्षी राजुल अंसारी बीच बिवाह भएको थियो। त्यस पश्चात बिपक्षीले मेरो छोरीलाई दाईजोको बिषय लगायत अन्य कारणबाट बिवाद गरी बिभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिने तथा कुटपिट समेत गरी छोरी सवाना खातुनलाई मर्नसम्म बाध्य बनाएको कारण छोरीले मिति २०७९।०८।२९ गते राती अं.११:५० बजेको समयमा आफू सुत्ने बस्ने गरेको कोठामा पासो लगाई मरेको तथा

सो कोठाको चारैतिर छोरीको हातको चुराहरुको टुक्राहरु अलपत्र अवस्थामा परेको हुँदा राजुल अंसारीलाई कानूनबमोजिम कार्वाही गरी पाउँ भन्ने समेत व्यहोराको हविव अंसारीको जाहेरी दरखास्त।

2. जिल्ला सर्लाही, हरिपुर्वा न.पा.वडा नं.३ धनकौल स्थित पुर्वमा मोसाफिर अंसारीको घर, पश्चिममा हरिनारायण महतोको खेत, उत्तर ईस्राईल अंसारीको खेत र दक्षिणमा अमृत रायको जग्गा, यति चार किल्लाभित्रको उत्तर मोहडा भएको ईट्टाको गारो भएको खपडाको छानो भएको ईसुक अंसारीको घर रहेको, उक्त घरमा ४ वटा कोठाहरु रहेको, घरको बीचमा प्यासेज रहेको, उक्त प्यासेजदेखि पश्चिमतर्फ २ वटा कोठाहरु रहेकोमा सो कोठाहरुमध्ये दक्षिणतर्फ रहेको कोठामा उत्तरबाट दक्षिणतर्फ लागेको बाँसको बलो रहेको, सोही बाँसको वलोमा मिति २०७९/०८/२९ गते राती अं.११:५० बजेको समयमा राजुल अंसारीको श्रीमती वर्ष २३ की सवाना खातुनले घाटीमा सल बाँधी पासो लगाई झुण्डी मरेको अवस्थामा लाश फेला परेको स्थानको घटनास्थल रहेको । बाँसको बलोको गोलाई ७ ईन्च, बाँसको बलोदेखि भुईसम्मको दुरी ९ फिट ३ ईन्च, बाँसको वलोदेखि कोठामा रहेको काठको पलङ सम्मको दुरी ७ फिट, उक्त कोठाको पुर्व उत्तर कुनालाई आधारविन्दु A र पुर्व दक्षिण कुनालाई आधारविन्दु B मानिएको, आधारविन्दु A र B बीचको दुरी १३ फिट रहेको, आधारविन्दु A बाट बाँसको वलो (घटनास्थल) सम्मको दुरी १३ फिट र आधारविन्दु B बाट बाँसको बलो (घटनास्थल) सम्मको दुरी ९ फिट रहेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

3. जिल्ला सर्लाही, हरिपुर्वा न.पा.वडा नं.३ धनकौल स्थित पुर्वमा मोसाफिर अंसारीको घर, पश्चिममा हरिनारायण महतोको खेत, उत्तरमा इस्राईल अंसारीको खेत र दक्षिणमा अमृत रायको जग्गा, यति चार किल्लाभित्र अवस्थित उत्तर मोहडा भएको ईसाफ अंसारीको ईट्टाको गारो भएको खपडाको छानो भएको घर रहेकोमा सो घर दक्षिणतर्फको कोठामा खटिएको अनुसन्धान अधिकृत समेतको टोली स्थानीय जनप्रतिनिधि समेतको रोहवरमा प्रवेश गरी हेर्दा, कोठाभित्र रहेको बक्स पलङमाथि पश्चिम टाउको पुर्व खुट्टा भई उत्तनो अवस्थामा राजुल अंसारीको श्रीमती वर्ष २३ की सवाना खातुनको मृतक लाश रहेको, सो कोठामा रहेको स्टिल दराजमा अगाडिको सिसा फुटी भुईमा छरपस्ट अवस्थामा रहेको देखिएको, उक्त कोठाको पश्चिम दक्षिण कुनामा लाशदेखि पश्चिममा ३ फिटमा गुलाबीमा हरियो बुटा भएको सल रहेको, सोही पलङ मुनी घरको प्यासेज, घर अगाडि आँगन तथा बाटो समेतमा निलोमा चम्किलो बुटाहरु भएको चुराका टुक्राहरु रहेको, सो कोठाको पुर्वउत्तर कुनालाई आधार बिन्दु A र पुर्व दक्षिण कुनालाई आधार बिन्दु B मानिएको आधार बिन्दु A र B बिचको दुरी १३ फिट रहेको आधारबिन्दु A बाट मृतकको टाउको संकेत (१) सम्मको दुरी १२ फिट, मृतकको खुट्टा संकेत (२) सम्मको दुरी ९ फिट सोही कोठामा रहेको दराज संकेत (३) सम्मको दुरी ८ फिट ५ इन्च, साल (संकेत ४) सम्मको दुरी १४ फिट र आधारबिन्दु B बाट मृतकको टाउको (संकेत १) सम्मको दुरी ८ फिट, मृतकको खुट्टा (संकेत २) सम्मको दुरी ५ फिट, दराज (संकेत ३) सम्मको दुरी १० फिट, मृतकको टाउकोबाट सलसम्मको दुरी ३ फिट रहेको, मृतक सवाना खातुनको मुख बन्द

रातो जस्तो पदार्थ निस्केको, घाँटीको गोलाई १ फिट १ इन्च रही सोमा ११ इन्च लम्बाई १/२ इन्च चौडाई भएको रातो कालो डाम रहेको, मलद्वारबाट दिशा आई सुकेको, बायाँ हातको पंजामा, चोर औला मुनी सानो छाला कोत्रिएको घाउ रहेको भन्ने समेत व्यहोराको लासजाँच मुचुल्का।

4. मृतक सवाना खातुनको मृत्यु Findings are Suggestive of hanging. Viscera report is awaited भन्ने समेत ब्यहोराको मृतकको शव परीक्षण प्रतिवेदन।

5. करिव ६ वर्ष अगाडि जाहेरवाला हविव अंसारीको छोरी सवाना खातुनसँग मेरो बिवाह भएको थियो। त्यसपश्चात म बैदेशिक रोजगारको सिलसिलामा बिदेश साउदी अरब गएको थिएँ। करिब २ वर्ष अगाडि म बिदेशमा भएको समयमा मेरो श्रीमती सवाना खातुन आफूखुसी हिड्ने गरेको थाहा पाई मैले श्रीमतीलाई फोन गरी त्यस्तो कार्य गर्न हुँदैन, बेईज्जत हुन्छ भनी सम्झाई बुझाई गर्दा श्रीमतीले हुन्छ भनेकी थिईन्। त्यसपश्चात मैले वास्ता गरिन। म करिब ३ वर्ष जति बिदेशमा बसी नेपाल फर्की आई हाल काठमाडौंमा सिलाई बुनाईको कामकाज गर्दै आएको छु। हामीहरुको शारीरिक सम्पर्कबाट एक छोरीको जायजन्म भएकोमा बच्चा जन्मिने बित्तिकै अस्पतालमा मृत्यु भएको थियो। वारदात मितिभन्दा २०/२५ दिन अगाडि म काठमाडौबाट आफ्नो घर सर्लाही आएको थिएँ। नेपाल सरकारबाट प्रदान गर्दै आएको राष्ट्रिय परिचयपत्र बनाउनु पर्ने भएकोले म जिल्ला प्रशासन कार्यालय, सर्लाही जाने भनी मिति २०७९।०८।२९ गते बिहान घरमा खाना खाई राष्ट्रिय परिचयपत्र बनाउन भनि मलंगवा आउँदा काम नभएकोले बेलुका म फर्की घर जाने क्रममा पर्सा चौकमा पुगेपछि मैले आधा के.जी कुखुराको मासु खरिद गरी घर गएको हुँ। घरमा गएपछि श्रीमतीलाई मासु दिई भोक लागेको छ, खाना पकाउ भन्दा निजले खाना र मासु पकाएपछि मलाई दिएकी र आफूले नखाएकोले मैले तिमी पनि खाना खाउ भन्दा निजले म खान्न, माईत जान्छु भन्दै घरबाट निस्केकीले मैले तिमीलाई के भयो ? भन्दै फकाई घरमा ल्याएको हुँ। त्यसपश्चात् श्रीमती सवाना खातुन आफू सुत्ने बस्ने गरेको कोठामा गई भित्रबाट ढोकाको चुक्कुल लगाएकी थिईन्। श्रीमतीले रिशले सुत्नलाई भित्रबाट ढोकाको चुक्कुल लगाएकी होला भनी मैले वास्ता गरिन। म घर अगाडि आगो बाली तापिरहेको थिएं। पछि अं.११:५० बजेको समयमा सुत्न भनी कोठामा जाँदा ढोका नखुलेको र श्रीमतीलाई बोलाउँदा नबोलेकीले मैले ढोकाको चुक्कुल खोली भित्र हेर्दा श्रीमती सवाना खातुनले बाँसको बलोमा सल बाँधी घाँटीमा पासो लगाई झुण्डिएको अबस्थामा देखी श्रीमतीलाई बचाउन सक्छु की भन्ने उदेश्यले तत्काल झुण्डिएको पासो काटी पलङ माथि राख्दा श्रीमतीको मृत्यु भइसकेको रहेछ। सोको जानकारी गाउँ समाजका मानिसहरु तथा प्रहरी टोलीलाई गराई लाश जाँच प्रकृति मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन गरी तत्काल ससुरा हविव अंसारीले निवेदन दिई लाश पोष्टमार्टम पश्चात् लाश बुझी दाहसंस्कार गरेका हुन्। पछि ससुरा हविव अंसारीले म उपर आत्महत्या दुरुत्साहन सम्बन्धी कसूर मुद्दाको जाहेरी दरखास्त दिएको भनि थाहा पाएको हुँ। मैले श्रीमती सवाना खतुनलाई दाईजोको बिषयमा तथा अन्य बिषयमा समेत शारीरिक तथा मानसिक यातना

दिई आत्महत्या गर्न दुरुत्साहन दिने वा मर्नेसम्मको परिस्थिति खडा गरेको होईन भन्ने व्यहोराको प्रतिवादी राजुल अंसारीले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

6. हाम्रो ४ छोरा र ३ छोरीहरु हुन्। छोरीहरु मध्येकी कान्छी छोरी सवाना खातुनको करिव ६ वर्ष अगाडि प्रतिवादी राजुल अंसारीसँग जातीय परम्परा अनुसार बिवाह भएको थियो। राजुल अंसारीले छोरी सवाना खातुनलाई बिभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिने तथा कुटपिट गर्दै आए तापनि हामीले छोरीलाई सम्झाई बुझाई गर्दा निज जसोतसो आफ्नै घरमा बस्दै आएकी थिईन्। मेरो छोरीबाट एक छोरीको जायजन्म भएकोमा बच्चा जन्मिने बित्तिकै अस्पतालमा मृत्यु भएको थियो। त्यसपश्चात् हामी घर परिवारले छोरीलाई माईती घरमा ल्याई औषधिउपचार गराई रहेका थियौ। ज्वाई राजुल अंसारी समेत मेरै घरमा बस्दै आउनु भएको थियो। वारदात भन्दा करिव १० दिन अगाडि राजुल अंसारीले मेरो घरमा छोरीलाई बिभिन्न किसिमको धाकधम्की दिदै त घर गईनस् भने तलाई यही मारी दिन्छु, तेरो मृत्यु पनि मेरै हातबाट हुन्छ भन्दै कुटपिट गरेका थिए। हामीले सम्झाई बुझाई गर्दा राजुल अंसारीले छोरीलाई तँ हरिपूर्वा आउने लाष्ट हो, अब आउन पाउँदिनस् भन्दै जवरजस्ती घर लिई गएका हुन। मिति २०७९।०८।२९ गते अ.२३:५० बजेको समयमा हामी घर परिवारका सदस्यहरु आफ्नै घरमा थियौ। त्यसको केही समयपछि छोरी सवाना खातुनको मृत्यु भएको भनी प्रहरीबाट जानकारी प्राप्त भई मेरो घर परिवारका सदस्यहरु जाँदा मेरो छोरीको पलङ्गमा मृत लाश रहेको, कोठामा चुरा तथा दराजको सिसाहरु फुटी छरपष्ट अबस्थामा रहेको थाहा पाएँ। प्रहरी टोली आई घटनास्थल लाश जाँच प्रकृति मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी लाश पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवा लगी पोष्टमार्टम समेतको कार्य सम्पन गरेपश्चात लाश सदगत गरेको हो। प्रतिवादी राजुल अंसारीले मेरो छोरी सवाना खातुनलाई दाईजो समेतको बिषयमा शारीरिक तथा मानसिक यातना दिने, धाकधम्की दिने तथा कुटपिट गर्दै आएको कारण छोरीले आफू सुत्ने बस्ने गरेको कोठाको बासँको बलोमा सल बाँधी घाँटीमा पासो लगाई झुण्डी मरेको हो। प्रतिवादीलाई आत्महत्या दुरुत्साहन सम्बन्धी कसूर मुद्दामा कानूनबमोजिम कडा भन्दा कडा कार्वाही गरी पाउँ भन्ने व्यहोराको मृतकको आमा जयन्ती खातुनले गरेको घटना विवरण कागज।

7. सवाना खातुनको करिव ६ वर्ष अगाडि जिल्ला सर्लाही, हरिपुर्वा नगरपालिका वडा नं.३ पूर्व धनकौल बस्ने राजुल अंसारीसँग जातीय परम्परा अनुसार बिवाह भएको थियो। मिति २०७९।०८।२९ गते अं.२३:५० बजेको समयमा हामीहरु आफ्नै घरमा थियौ। त्यसको केही समयपछि सवाना खातुनको मृत्यु भएको भनी सुनी म लगायत जाहेरवाला हविव अंसारी समेतका मानिसहरु घटनास्थलमा जाँदा सवाना खातुनको कोठाको पलङ्गमा मृत लाश रहेको, कोठामा चुरा तथा दराजको सिसाहरु फुटी छरपष्ट अबस्थामा देखेको हुँ। त्यस पश्चात प्रहरी टोली आई घटनास्थल लाश जाँच प्रकृति मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी लाश पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल मलंगवा लगी पोष्टमार्टम समेतको कार्य सम्पन पश्चात लाश सदगत गरेका हुन। हाल आएर बुझ्दा प्रतिवादी राजुल अंसारीले सवाना खातुनलाई दाईजो समेतको बिषयमा शारीरिक तथा

मानसिक यातना दिएको कारण सवाना खातुनले आफू सुत्ने बस्ने गरेको कोठाको बासँको बलोमा सल बाँधी घाँटीमा पासो लगाई झुण्डी मरेको अवस्थामा राजुल अंसारीले लाश फेला पारी तत्काल पासो काटी लाशलाई पलङ्गमा राखेको भनि थाहा पाएको हुँ। पछि हविव असारीले जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा राजुल अंसारीउपर आत्महत्या दुरुत्साहन सम्बन्धी कसूरको जाहेरी दरखास्त दिई प्रहरी टोलीले राजुल अंसारीलाई पक्राउ गरी अनुसन्धान गरी रहेको थाहा पाएको हुँ। प्रतिवादीलाई कानून बमोजिम कार्वाही गरी पाउँ भन्ने व्यहोराको जिबरैल शेख, नौसाद आलम मिँया र रहमत शेख समेतले गरेको एकै मिलानको घटना विवरण कागज।

8. मिति २०७९।०८।२९ गते रातको समयमा हामीहरु घरमा नै थियौं। सोही रात अं.११:५० बजेको समयमा प्रतिवादी राजुल अंसारीको घरमा मानिसहरुको हो-हल्ला भएको आवाज सुनी निद्राबाट ब्युझी के भएको रहेछ भनी उक्त स्थानमा जाँदा सवाना खातुनको कोठाको पलङ्गमा मृत लाश रहेको देखेको हुँ। त्यस पश्चात प्रहरी टोली आई घटनास्थल लाश जाँच प्रकृति मुचुल्का लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी लाश प्रादेशिक अस्पताल मलंगवा लगी पोष्टमार्टम समेतको कार्य सम्पन पश्चात लाश सदगत गरेका हुन। हाल आएर बुझ्दा प्रतिवादी राजुल अंसारीले सवाना खातुनलाई दाईजो समेतको बिषयमा शारीरिक तथा मानसिक यातना दिएको कारण सवाना खातुनले आफू सुत्ने बस्ने गरेको कोठाको बाँसको बलोमा सल बाँधी घाँटीमा पासो लगाई झुण्डी मरेको अवस्थामा राजुल अंसारीले फेला पारी तत्काल पासो काटी लाशलाई पलङ्ग माथि राखेको भनि बुझी थाहा पाएको हुँ। पछि हविव असारीले जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा राजुल अंसारीउपर आत्महत्या दुरुत्साहन सम्बन्धी कसूरको जाहेरी दरखास्त दिई प्रहरी टोलीले राजुल अंसारीलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। प्रतिवादीलाई कानूनबमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको रबिन्द्र साह, हफिजा खातुन र लक्ष्मण राय समेतले गरेको एकै मिलानको बस्तुस्थिति मुचुल्का।

9. मिति २०७९।०८।२९ गते अं.११:५० बजेको समयमा प्रतिवादी राजुल अंसारीले आफ्नो श्रीमती सवाना खातुनलाई गाली गलौज तथा कुटपिट गरी विभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिई मृतकलाई आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गरेको कारण मृतकले झुण्डिई आत्महत्या गरेकीले प्रतिवादी राजुल अंसारीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसूरमा दफा १८५(२) बमोजिम सजाय गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट क्षतिपूर्ति शुल्क बापतको रकम पीडित राहतकोषमा जम्मा गराइपाउँ भन्ने समेत बेहोराको अभियोग दावी ।

10. म उपरको अभियोग दावी झुठ्ठा हो। मैले आफ्नो श्रीमतीलाई आत्महत्या दुरुत्साहन गर्ने गराउने कुनै काम गरेको छैन। मेरो श्रीमतीको मृत्यु हुनु भन्दा १.५ महिना अगाडि श्रीमती गर्भवती थिइन्। सोही समयमा मेरो श्रीमतीलाई बेथा लागी मैले तथा मेरो सासु समेत भई श्रीमतीलाई हरिपुर्वा नगरपालिकाको धनकौलपूर्वमा रहेको अस्पतालमा लगी उपचार गराउँदा गराउँदै श्रीमतीको गर्भमा रहेको बच्च जन्मनासाथ बच्चाको मृत्यु भएको हो। सोही बच्चाको शोकले गर्दा श्रीमतीले पीडा सहन नसकी निजले आफैं आत्महत्या गरेकी

हुन्। मैले श्रीमतीसँग कहिले पनि दाईजो लगायतको बिषयलाई लिएर निजलाई गालीगलौज तथा कुटपिट गरेको होइन छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजुल अंसारीले अदालत समक्ष गरेको बयान।

11. मिसिल संलग्न तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादी राजुल अंसारी आरोपित कसुरका कसुरदार होइनन् भनिहाल्न मिल्ने अवस्था नदेखिंदा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुँदा हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिमको अवस्था विद्यमान नदेखिंदा दफा ६८ र दफा ७२ समेतका आधारमा प्रतिवादी राजुल अंसारीसँग रू.२,००,०००/-(दुई लाख रूपैयाँ) धरौटी वा बैंक ग्यारेन्टी वा जेथा जमानत दिए लिई तारेखमा राखु, दिन नसके मुद्दा पुर्पक्षको निमित्त नियमानुसारको सिधा खान पाउने गरी दफा ८० बमोजिम थुनुवा पुर्जी दिई थुनामा राख्न कारागार कार्यालयमा लेखी पठाइदिनु भनी सुरु अदालतबाट मिति २०७९।१०।१६ मा भएको आदेश।

12. मेरो छोरी ज्वाई घटना हुनुभन्दा ७ दिन अगाडिदेखि मेरै घरमा खानपिन गरी बसिआएको र अचानक ज्वाईले छोरीलाई अब आफ्नो घर जानुपर्छ भनी भन्दा हामीहरूले यही बस्नु भने पनि हैन अब आफ्नो घर जान्छु भनी घर गएकोमा राति १२ बजे मान्छे आई तपाईको छोरीको मृत्यु भएछ, धनकौल हिड्नुस् भनी भन्दा हामी बाउछोरा जाँदा प्रहरी समेत त्यहाँ बसिराखेको थियो। प्रहरीलाई मैले छोरीसँग भेट्न दिनु भनी छोरीलाई हेर्दा जिउँभरी माटो लागेको, हाँतको चुडी फुटी भाँचिएको थियो। मैले हेर्दा कर्तव्य गरी मारेको र ओछ्यानमा सुताएको अवस्था देखेको थिएँ। अनि म जिल्ला प्रहरी कार्यालय मलंगवा गई कर्तव्य ज्यान मुद्दा दर्ता गरिदिनुस् भन्दा प्रहरीले आफ्नै मनले आत्महत्या दुरुत्साहन मुद्दा दर्ता गरेको हो। मृत्यु हुनुपुर्व मेरी छोरीले श्रीमानले मलाई कुटपिट गर्छ भनी माइतीमै बसिआएकोमा ज्वाई आई घर बोलाई कर्तव्य गरी मारेको हो भन्ने समेत व्यहोराको जाहेरवाला हविव अंसारीले अदालतमा गरेको बकपत्र।

13. मेरो घर प्रतिवादीको घर नजिकै रहेको छ। प्रतिवादी राजुल अंसारीले आफ्नो श्रीमतीलाई कहिल्यै पनि दुःख तकलिफ, गाली गलौज, कुटपिट गरेको मैले देखेको छैन। २ महिना अगाडि मृतकको पेटमा रहेको बच्चा नोक्सान भए पश्चात निजको मानसिक अवस्था राम्रो थिएन। दिनानुदिन निजको अवस्था बिग्रिदै गएको थियो। केही दिन अगाडि निजको माइतिमा बाबु, आमासँग झगडा हुँदा निजको अवस्था झन खराब हुदै गएको थियो। मृतक आफै मरेकोले प्रतिवादीलाई सजाय हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी तौकिर अहमद अंसारीले गरेको बकपत्र।

14. मिति २०७९।१०।१६ मा प्रतिवादीबाट धरौटी लिई तारेखमा राख्न भनी सर्लाही जिल्ला अदालतबाट भएको आदेश बदर गरी प्रतिवादीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिपाउँ भनी श्री उच्च अदालत जनकपुरमा वादी नेपाल सरकारको तर्फबाट पेस भएको निवेदनपत्र।

15. प्रतिवादीउपरको जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लाश जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको वयान तथा घटना विवरण कागज समेतका तत्काल प्राप्त प्रमाणको आधारमा पछि ठहरेबमोजिम हुने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को

दफा ६८ र ७२ बमोजिम प्रतिवादीबाट रू.२,००,०००/- धरौट माग गर्ने गरी सर्लाही जिल्ला अदालतबाट मिति २०७९।१०।१६ मा भएको आदेश बेरितको नदेखिदा परिवर्तन गरिरहनु परेन भनी श्री उच्च अदालत जनकपुरबाट मिति २०८०।०२।४ मा भएको आदेश।

16. अदालतको आदेशानुसार नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट च.नं.६९३४ मिति २०८०।०२।२४ को पत्रसाथ भिषेरा परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको।

17. प्रतिवादी राजुल अंसारीले मृतकलाई आत्महत्या गर्न दुरुत्साहन गरेको छैन। मृतक सवाना खातुनको छोरी जन्मेपछि आफै मृत्यु भएको शोकमा निजले आत्महत्या गरेकी हुन्। छोरी मरेको आवेशमा आई जाहेरवालाले यो मुद्दा दिएको हो भन्ने समेत व्यहोराको घटनास्थल लाश जाँच मुचुल्काका मानिस रमिना खातुनले गरेको बकपत्र।

18. प्रतिवादी राजुल अंसारीले सवाना खातुनलाई शारीरिक तथा मानसिक यातना दिने गरेको मैले हेरेको छैन। मृतकको मृत्यु कसरी भयो मलाई थाहा छैन। मृतक र प्रतिवादी बीच कस्तो सम्बन्ध थियो, मलाई थाहा छैन भन्ने समेत व्यहोराको घटना विवरण कागज गर्ने नौसाद आलम मियाले गरेको बकपत्र।

19. प्रतिवादी राजुल अन्सारीले आफ्नी श्रीमतीलाई दुरुत्साहन गरी मर्नुपर्नेसम्मको अवस्थामा पुऱ्याएका कारण मृतकले झुण्डिई आत्महत्या गरेकी हुन् भन्ने अभियोग दाबी मिसिल प्रमाणबाट शंकारहित तबरले पुष्टि हुन सकेको नदेखिंदा प्रतिवादीलाई आरोपित कसूरका कसूरदार ठहराउनु न्यायोचित हुने देखिएन। प्रतिवादी राजुल अन्सारीले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ भन्ने सुरु जिल्ला अदालतबाट भएको फैसला।

20. जाहेरवालाको छोरी सवाना खातुन र बिपक्षी राजुल अंसारीबीच विवाह भएकोमा विपक्षीले जाहेरवालाको छोरी मृतक सवाना खातुनलाई दाईजोको विषय लगायत अन्य कारणबाट बिवाद गरी विभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिने तथा कुटपिट समेत गरी सवाना खातुनलाई मर्नेसम्मको बाध्य बनाएको कारण जाहेरवालाको छोरीले मिति २०७९।०८।२९ गते रातीको समयमा आफू सुत्ने बस्ने गरेको कोठामा पासो लगाई मरेको भन्ने समेत व्यहोराको हविव अंसारीको जाहेरी दरखास्त, मौकाको घटनास्थल प्रकृति मुचुल्का तथा बुझिएका मानिसहरु जिबरेल शेख समेतको कागज र बस्तुस्थिति मुचुल्काका मानिसहरु रबिन्द्र साह समेतले गरिदिएको कागज समेतका तत्काल प्राप्त प्रमाणहरुबाट पुष्टि भईरहेको देखिन्छ। प्रतिवादी राजुल अंसारी अदालत समक्ष बयान गर्दा मैले आफ्नो श्रीमतीलाई आत्महत्या दुरुत्साहन गर्ने गराउने कुनै कार्य गरेको होइन भनी कसूरमा इन्कार रहेतापनि निजले मौकामा बयान गर्दा मृतकले आत्महत्या गरेको कोठामा मृतकको चुरा तथा दराजको सिसाहरु फुटी छरपष्ट अवस्थामा रहेको, घरको प्यासेज तथा घर अगाडि बाटो र आँगनमा समेत चुराका टुक्राहरु रहेको, यसैगरी मृतकको बायाँ हातको पंजामा चोर औंला मुनि सानो छाला कोतरिएको घाउ समेत रहेको देखिएबाट निजको ईन्कारी बयान खण्डित भएको देखिन्छ। मृतकको आमा जयन्ती खातुनले मौकामा कागज गर्दा प्रतिवादी राजुल अंसारीले मेरो छोरी सवाना खातुनलाई दाईजो समेतको बिषयमा शारीरिक तथा मानसिक यातना दिने, धाकधम्की दिने तथा कुटपिट गर्दै आएको कारण छोरीले आफू

सुत्ने बस्ने गरेको कोठाको बासँको बलोमा सल बाँधी घाँटीमा पासो लगाई झुण्डी मरेको भनी मृतकको शव परीक्षण प्रतिवेदन तथा लाशजाँच मुचुल्का समेतबाट समर्थित भई प्रतिवादीको कसूर पुष्टि भईरहेको अवस्थामा प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादी राजुल अंसारीले कसूरमा इन्कार रही बयान गरे तापनि मृतकले के कारण उक्त दिन आत्महत्या गरेकी हुन भनी निजले खुलाउन सकेको देखिंदैन। प्रतिवादीकै कार्य कारणबाट मृतक झुण्डी आत्महत्या गरेको र मृतकले आत्महत्या गर्नु पर्ने परिस्थिति प्रतिवादीले सिर्जना गरिदिएको कारण मृतकले आत्महत्या गरेकी तथ्य पुष्टि भईरहेको अवस्थामा प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी प्रतिवादीलाई शुरु अभियोग मागदावी अनुसार सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

## ठहर खण्ड

21. नियमानुसार साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पर्न आएको पुनरावेदनपत्र सहितको सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय जनकपुरका विद्वान सहायक न्यायाधिवक्ता दिनेश साहले विवाहमा दाइजो नल्याएको निहुँमा प्रतिवादीले सवाना खातुनलाई यातना दिई मार्न बाध्य पारी निजले आत्महत्या गरेको भन्ने मिसिल संलग्न लाश जाँच मुचुल्का, किटानी जाहेरी दरखास्त, जाहेरवाला र घटना विवरण कागज गर्ने व्यक्तिहरूको कागज र बकपत्र समेतका प्रमाणहरूबाट पुष्टि भइरहेकोले प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला नमिलेकोले उल्टि गरी अभियोग दावीबमोजिम सजाय गरी पाउँ भनि गर्नु भएको बहस सुनियो।

22. प्रतिवादी राजुल अंसारीले मिति २०७९।०८।२९ गते राती अं.११:५० बजेको समयमा आफ्नो श्रीमती सवाना खातुनलाई गाली गलौज तथा कुटपिट गरी विभिन्न किसिमको शारीरिक तथा मानसिक यातना दिई आत्महत्या गर्नुपर्ने सम्मको परिस्थिति खडा गरेको कारण निजले झुण्डिई आत्महत्या गरेकीले प्रतिवादी राजुल अंसारीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८५(१) बमोजिमको कसूरमा दफा १८५(२) बमोजिम सजाय गरी पाउँ भन्ने अभियोग दावी भएकोमा प्रतिवादीउपरको अभियोग दावी बस्तुनिष्ठ प्रमाणबाट पुष्टि नभएकोले प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहऱ्याई सुरू सर्लाही जिल्ला अदालतबाट भएको फैसला नमिलेकोले उल्टी गरी प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गरी पाउँ भन्ने वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन परेको देखियो।

23. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सरकारी वकिलको बहस सुनी प्रतिवादी राजुल अंसारीलाई अभियोग दावीबाट सफाइ दिने सुरू जिल्ला अदालतको फैसला मिलेको छ वा छैन, नेपाल सरकारको पुनरावेदन पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

24. मिसिल संलग्न शव परीक्षण प्रतिवेदन, लास जाँच मुचुल्का, घटनास्थल प्रकृति मुचुल्का, जाहेरी दरखास्त, अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूको भनाइ र प्रतिवादी राजुल अंसारीको

बयान समेतका मिसिल संलग्न प्रमाणहरूबाट सवाना खातुनको मृत्यु भएकोमा विवाद देखिएन। साथै उक्त मृत्यु कसैको कर्तव्यबाट भएको भन्ने अभियोग नदेखिदा सो सम्बन्धमा थप विचार गर्नुपर्ने देखिएन। अब प्रतिवादी राजुल अंसारीले सवाना खातुनलाई आत्महत्या गर्न दुरूत्साहन दिएको भन्ने अभियोग दावी हुँदा प्रतिवादीले सवाना खातुनलाई मर्नुपर्नेसम्मको अवस्था सृजना गरेको हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा प्रतिवादी राजुल अंसारीले अनुसन्धान तथा अदालतमा बयान गर्दा आफूले सवाना खातुनलाई शारीरिक तथा मानसिक यातना दिई मार्नुपर्नेसम्मको अवस्था वा परिस्थिति सृजना गरेको होइन, आफ्नो नवजात बच्चा जन्मनासाथ मरेको शोकले गर्दा सोही पीडा सहनी नसकी आफै आत्महत्या गरेकी हुन् भनी बयान गरेको देखियो। प्रतिवादीका साक्षी तौमिर अहमद अन्सारीले प्रतिवादीको बयानलाई समर्थन हुने गरी सोही व्यहोराको अदालतमा बकपत्र गरेको देखियो।

25. मृत्यु हुनुपूर्व छोरीले आफ्नो श्रीमानले आफूलाई कुटपिट गर्छ भनेकी थिइन, लास हेर्दा जिउभरि माटो लागेको र हातको चुरा फुटी भाँचिएको देखिदा प्रतिवादीले छोरीलाई घरमा लगी कर्तव्य गरी मारेको हो भनी जाहेरवालाले अदालतमा वकपत्र गरेतापनि कर्तव्य ज्यानतर्फ अभियोग दावी देखिएन। प्रतिवादी राजुल अन्सारीले सवाना खातुनलाई शारीरिक तथा मानसिक यातना दिने गरेको मैले देखेको छैन भनी वादी नेपाल सरकारका साक्षी तथा घटना विवरण कागज गर्ने नौसाद आलम मियाले अदालतमा बकपत्र गरेको देखियो। अर्का सरकारी साक्षी रमिना खातुनले पनि प्रतिवादी राजुल अन्सारीले सवाना खातुनलाई शारीरिक तथा मानसिक यातना दिई आत्महत्या गर्न दुरूत्साहन गरेको छैन, बच्चा मरेको शोकमा परी आफै मरेकी हुन् भनी व्यहोरा उल्लेख गरी अदालतमा बकपत्र गरेको देखिन्छ। लाश जाँच मुचुल्काबाट प्रतिवादीले सवाना खातुनलाई कुटपिट गरेको भन्ने देखिएको छैन।

26. माथिल्ला प्रकरणहरूमा उल्लेख भएबमोजिम जाहेरवालाको बकपत्र बाहेकका अन्य सबै वादी प्रतिवादीका साक्षीहरूले प्रतिवादीले सवाना खातुनलाई आत्महत्या गर्न बाध्य पारेको वा सोबमोजिमको अवस्था सृजना गरेको भन्ने अवस्था नदेखिई बच्चा मरेको शोकमा सवाना खातुनले आफै आत्महत्या गरेकी हुन् भनी अदालतमा वकपत्र गरेको देखियो। प्रतिवादीले मृतकलाई आत्महत्या गर्न बाध्य पारेको होइन भनी बयान गरेको देखियो। जाहेरवालाको जाहेरी दरखास्त तथा अदालतको बकपत्रमा उल्लेख भएबमोजिम प्रतिवादीले दाइजोको कारण सवाना खातुनलाई वारदात पूर्व यातना दिने गरेको भन्ने पनि देखिदैन। वारदातभन्दा पहिला प्रतिवादी र सवाना खातुन विच वादविवाद वा झगडा हुने गरेको, प्रतिवादीले कुटपिट गर्ने गरेको भन्ने समेतको अवस्था मिसिलबाट देखिदैन। मृतकले आत्महत्या गर्नु अगाडि सोबमोजिम प्रतिवादीले दाइजो समेतका कारणले आफूलाई कुटपिट गर्ने गरेको कुरा कोही कसैलाई भनेको भन्ने अवस्था देखिदैन भने आत्महत्या गर्नुपूर्व कुनै नोट वा अभिलेख छाडेको भन्ने अवस्था पनि देखिएन। यसरी प्रतिवादीको मृतकलाई आत्महत्या गर्न बाध्य पार्ने सम्मको कारण र मनसाय वादी पक्षले प्रमाणबाट प्रमाणित गर्न सकेको देखिएन। मृतकले कमजोर मानसिक अवस्थाका कारण वच्चा

मरेको शोकमा परी आत्महत्या गरेको भन्ने देखियो। जाहेरवालाले आफ्नी छोरी मरेको भावावेशमा आशंकासम्म गरी प्रतिवादीउपर जाहेरी दरखास्त दिदैमा अन्य प्रमाणहरूबाट आत्महत्या दुरूत्साहनको अवस्था पुष्टि नहुँदा अनुमान र आशंकाको भरमा सजाय गर्न नमिल्ने हुँदा प्रतिवादीलाई अभियोग दावीबाट सफाइ दिने सुरू फैसला अन्यथा देखिएन।

२१.अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा प्रतिवादी राजुल अंशारीले आरोपित कसूरबाट सफाई पाउने ठहरी सुरु सर्लाही जिल्ला अदालतबाट मिति २०८०।०९।२२ मा भएको फैसला मिलेको देखिंदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू.............................................................................१
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू...........................२
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू...........................................३
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू..........................४

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ध्रुव कुमार पिया)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***
इजलास अधिकृतः- सुनिल कुमार चौहान
टाईप गर्नेः- चाँदनी शर्मा
इति सम्वत् २०८१ साल पुस २६ गते रोज ६ शुभम् .........................................।
प्रमाणीकरण मिति : २०८१।१०।